DOI: https://doi.org/10.3126/cognition.v5i1.55435

# 'बुढा र बुढी' लोककथाको संरचनात्मक अध्ययन

सन्तोष कार्की[१]

***लेखसार***

*प्रस्तुत आलेख 'बुढा र बुढी' लोककथाको संरचनात्मक विश्लेषणसँग सम्बन्धित छ । यहाँ बुढा र बुढी लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय कोणबाट विश्लेषण गरिएको छ । संरचनात्मक घटकहरुको पारस्परिक सम्बन्धबाट बन्ने पूर्ण कृति हो । यसमा पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताजस्ता गुण हुन्छ । कृतिको आकृति नै संरचना हो । प्रस्तुत लोककथाको कथानकविन्यास क्रमिक ढाँचामा संरचित छ । कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ । लोककथामा उपस्थित सहभागीहरूका कार्यव्यापारले लोककथालाई जीवन्त र मौलिक बनाएका छन् । यहाँ प्रस्तुत लोककथाले ग्रामीण पूर्वेली नेपाली समाजको परिवेशलाई देखाएका छन् । यस लोककथाको भाषाशैली सरल, सहज छ । ग्रामीण जीवनका आरोहअवरोह, उनीहरूको यथार्थतालाई सामाजिक लोककथाले देखाएका छन् । यस लोककथाले सत्मार्गमा हिँड्ने, सत्कर्म गर्ने, अरूको कुभलो नचिताउने, चोरेर, ठगेर कमाएको सम्पत्तिले नपुग्ने नैतिक सन्देश दिएको छ ।*

**शब्दकुञ्जीका**ः संरचनात्मक, लोककथा, घटक, श्रुतिपरम्परा, सङ्खुवासभा ।

## १. विषयपरिचय

कोसी प्रदेशको एउटा जिल्ला सङ्खुवासभा हो । सङ्खुवासभाको सिमाना पूर्वमा ताप्लेजुङ, पश्चिममा तेह्रथुम र भोजपुर, उत्तरमा चीन र दक्षिणमा धनकुटासँग गाँसिएको छ। सङ्खुवा र सभा खोलाको संयुक्त नामबाट जिल्लाको नामकरण भएको मानिन्छ। मकालु वरुण राष्ट्रिय निकुञ्ज, मकालु हिमाल, मनकामना, वानेश्वर शिवलिङ्ग, सभापोखरी शिवधारा, मत्स्यपोखरी, तीनजुरे, जलजले, मिल्के डाँडा यहाँका धार्मिक र पर्यटकीय स्थलहरू हुन् । यस जिल्लामा जम्मा पाँचवटा नगरपालिका र पाँचवटा गाँउपालिकाहरू रहेका छन् । धर्मदेवी नगरपालिका सङ्खुवासभा जिल्लाको पूर्वी उत्तर क्षेत्रमा रहेको छ। धर्मदेवी नगरपालिकाभित्र नौवटा वडाहरु रहेका छन् । विवेच्य लोककथा धर्मदेवी नगरपालिकाबाट सङ्कलन गरिएको हो ।

हरेक साहित्यिक विधाको आआफ्नै संरचना हुन्छ। संरचनाको सम्बन्ध उपकरण/अङ्ग/घटक/तत्त्वसँग रहेको हुन्छ । लोककथा बन्न चाहिने आवश्यक तत्त्वहरू नै लोककथाका मूल संरचक घटक हुन् । संरचनात्मक घटकहरू भनेको कथानक, सहभागी/पात्र, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यास हुन् । संरचनात्मक अध्ययनमा तिनै घटकका आधारमा विश्लेषण गर्न सकिन्छ। प्रस्तुत आलेखमा सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित बुढा र बुढी लोककथाको संरचनात्मक अध्ययन गर्नुसँग सम्बन्धित भएकाले यहाँ सङ्कलित लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासलाई विश्लेषणको मूल आधार बनाइएको छ।

## २ समस्याकथन

श्रुतिपरम्परामा आधारित अपठितहरूको समूहबाट अभिव्यक्त हुने साहित्य नै लोकसाहित्य हो भने आख्यानात्मक गद्य रचना लोककथा हो। लोककथामा लोकजीवनको हर्ष, विस्मात्, सुखदुःख आदिलाई प्रस्तुत गरिन्छ। लोककथाले लोकजीवनको सामाजिक (प्रचलित कथाहरूमा जस्तै) धार्मिक, सांस्कृतिक, पौराणिक, आर्थिक र शैक्षिक विषयलाई इङ्गित गरेको हुन्छ। प्रस्तुत अध्ययनको मूल समस्या बुढा र बुढी लोककथाको संरचनात्मक अध्ययन तथा विश्लेषण गर्नु हो ।

१ विद्यार्थी, दर्शनाचार्य-विद्यावारिधी तह, त्रिवि, कीर्तिपुर, नेपाल, ईमेलः santoshkarki548@gmail.com

## ३ उद्देश्य

प्रस्तुत अध्ययनको 'बुढा र बुढी' लोककथाको संरचनात्मक विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ।

## ४ सामग्री सङ्कलन तथा विश्लेषण विधि

यस आलेखमा लोकसाहित्य र लोककथाको सैद्धान्तिक अवधारणाको प्रारूप निर्माण गर्न पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। साथै विवेच्य शीर्षकसँग सम्बद्ध विद्वान्, लेखकहरूका पुस्तक तथा लेखहरू प्राप्त गर्न पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। प्रस्तुत लेख मुख्य रूपमा क्षेत्रीय कार्यसँग निकट रहेको छ। त्यसैले सम्बन्धित भौगोलिक क्षेत्रमा प्रत्यक्ष रूपमा गएर सूचकहरूबाट प्राथमिक सामग्री सङ्कलन गरिएको छ। लोककथाको सैद्धान्तिक प्रारूप पुस्तकालयीय कार्यबाट तयार पारिएको छ। सूचकहरूसँग प्राथमिक सामग्री सङ्कलन गर्ने कार्य क्षेत्रीय कार्यबाट गरिएको छ।

'बुढा र बुढी' लोककथाको व्याख्या, विश्लेषण वर्णनात्मक विधिको प्रयोग गरिएको छ। यहाँ लोककथाहरूका संरचक घटकका आधारमा लोककथाको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

## ५. सीमाङ्कन

प्रस्तुत आलेखमा 'बुढा र बुढी' लोककथाको कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासको कोणबाट विश्लेषण गरिएको छ। यहाँ बुढा र बुढी लोककथाको तिनै संरचक घटकका कसीमा राखेर विश्लेषण गरिएको छ। यो लेख धर्मदेवी नगरपालिका वडा नं. १ मात्र सीमित रहेको छ।

## ६ सैद्धान्तिक पर्याधार

संरचना भनेको ढाँचा, व्यवस्था वा सङ्गठन हो। हरेक चिजको आआफ्नो प्रकारको संरचना हुन्छ। बिनासंरचना कुनै पनि वस्तु पूर्ण हुँदैन। संरचना शब्द क्तचगअतगचभ को नेपाली रूपान्तरण हो। यस शब्दको व्युत्पत्ति ल्याटिनको Struct struere धातुमा गचभ प्रत्यय लागेर निर्मित Structure तथा स्पेनेली structure र इटालेलीको structure शब्दबाट भएको हो। यसको शाब्दिक अर्थ बनाउनु वा निर्माण गर्नु भन्ने हुन्छ (लुइटेल, २०५८, पृ. ३७)। यसरी हेर्दा संरचना भनेको कुनै पनि वस्तु निर्माण गर्दा आवश्यक पर्ने अवयव भन्ने हो। विभिन्न अवयव वा घटनाहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ (सत्ता) लाई संरचना भनिन्छ (लुइटेल, २०५८, पृ. ४१)।

कुनै पनि कृतिको संरचक घटकहरूको निर्मिति वा सम्बन्ध नै संरचना हो। आफैमा पूर्ण, सङ्गठित हुनुले त्यसको संरचनालाई सङ्केत गर्दछ। कृतिका मूल घटकहरू त्यसका संरचक घटकहरू हुन्। संरचनामा पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठताजस्ता गुण हुन्छन्। यसले कृतिको बनोट र बुनोट प्रक्रियलाई बुझाउँछ। संरचनाका सन्दर्भमा दुई दृष्टिकोण पाइन्छन्। पहिलो, वस्तुको संरचक तत्त्वहरूका बीचको एउटा स्थिर सम्बन्ध समुच्चय हो भने दोस्रो, अन्तर्निहित अवयवहरूले बनेको समग्र अस्तित्व हो (लुइटेल, २०५८, पृ. ४२)। कुनै पनि कृति सिर्जना गर्दा सानासाना अवयवहरू मिलेर एउटा सिङ्गो कृतिको निर्माण भएको हुन्छ। तिनै सानासाना अवयवहरूको व्यवस्थित सङ्गठित पूर्णता हुनु नै संरचना हो। लेखकले विषयवस्तु र अर्थ प्रदान गर्नका लागि एउटा कृतिका विभिन्न घटक वा एकाइहरूको क्रमबद्ध विन्यास गर्दछ र त्यसैलाई त्यस कृतिको संरचना मानिन्छ। यसर्थ कृतिको संरचना भनेको त्यसको समग्र आकृति एवं समग्रतायुक्त हुन्छ र त्यसले विभिन्न घटकहरूका आन्तरिक सम्बन्धको सामञ्जस्यबाट विशिष्टता प्राप्त गर्दछ (लुइटेल, २०५८, पृ. ४३)। यसरी हेर्दा संरचना भनेको कृतिमा आउने घटकहरूको व्यवस्थित ढाँचा वा समुच्चय हो। विभिन्न तत्त्व घटकहरूको संयोजनबाट कृतिले पूर्णता तथा जीवन्तता प्राप्त गर्दछ। यसमा सबै घटकहरूको पारस्परिक सम्बन्ध रहेको हुन्छ। कुनै पनि कृतिलाई एकीकृत गर्ने काम संरचनाले गर्दछ।

संरचनालाई रूप भनेको पनि पाइन्छ। साहित्यिक कृतिहरूको योजनाबद्ध पर्याधार मानिने संरचना र रूपको बीचमा निकट सम्बन्ध रहेको छ। संरचना र रूपका बीचमा विभेद रहेको बताएको पाइए पनि यी दुवैमा

एकै प्रकारका विशेषता हुनाले यिनलाई समानार्थी रूपमा प्रयोग गर्न सकिन्छ। यी दुवै सावयव अमूर्त रहने र मूर्त घटकबाट निर्मित हुने भएकाले यी दुईमा रहेको अर्थगत समानताको पुष्टि हुन्छ। तथापि आधुनिक समालोचनाका क्षेत्रमा रूपभन्दा संरचना शब्दको प्रयोग ज्यादा भएको देखिन्छ (लुइटेल, २०६२, पृ.४६)। यसरी हेर्दा एउटा पूर्ण कृति बन्नका लागि त्यसका संरचक घटकहरूको सहसम्बन्ध हुनु आवश्यक देखिन्छ।

## ७ 'बुढा र बुढी' लोककथाको विश्लेषण

### ७.१ कथानक

'बुढा र बुढी' लोककथामा बुढा र बुढीलाई सेलरोटी खान मन लाग्नु, दुवै गरिब हुनु, मागेर भए पनि सेलरोटी खाने योजना बनाउनु, बुढो तेल माग्न सहरतर्फ र बुढी चामल माग्न गाउँतिर लाग्नु, दुवैले मागेर तेल र चामल जम्मा गर्नु, साँझ सेलरोटी पकाउनु, पाँचवटा मात्र सेल पाक्नु, कसले बढी खाने भनेर झगडा गर्नु, अन्त्यमा भोलि बिहान जो ढिलो उठ्छ, उसले तीनवटा र चाँडो उठ्नेले दुईवटा सेलरोटी खाने सहमति हुनु, तीन दिन तीन रातसम्म दुवै बुढाबुढी नउठ्नु, गाउँलेहरू अचम्मित पर्नु, गाउँलेहरू आउँदा मरेजस्तै गरेर सुत्नु, गाउँलेहरूले मरेछन् भनेर घाट लैजाने तयारी गर्नु, दुवै बुढाबुढीलाई घाटतिर लैजानु, लासमा पहिले कसलाई आगो लगाउने भनी अन्योल सिर्जना हुनु, एक मलामीले बुढोलाई आगो लगाउनु, आगोको ताप खप्न नसकेर बुढो म दुईवटा रोटी खान्छु भन्दै उठ्नु, एक्कासि लास उठेर चिच्याउँदा मलामीहरू भूत आयो भनेर भाग्नु, बुढाबुढी दुवै घर फर्किनु र बुढाले दुईवटा सेलरोटी र बुढीले तीनवटा सेलरोटी खानुजस्ता घटनाहरू आएका छन्। माथिको घटनावलीलाई हेर्दा कथाको आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको देखिन्छ। साथै, घटनाहरूले पाठक/श्रोतामा उत्सुकता सिर्जना गरेको छ।

**क) आदिभाग**

बुढा र बुढी दुवैलाई सेलरोटी खान मन लाग्नु, सेलरोटी खानका लागि घरमा चामल, तेल केही पनि नहुनु कथानकको आदिभाग हो। बुढा र बुढी दुवैलाई सेलरोटी खान मन लाग्नु कथानकको चिनारी हो। सेलरोटी खानका लागि घरमा केही पनि नहुनु कथानकको सङ्घर्षविकास हो। यस कथामा आदिभागमा आएका घटनाले कथानकमा सहभागी, परिवेश, सम्भावित समस्याको जानकारी दिएको छ। दुवै बुढाबुढीलाई सेलरोटी खान मन लाग्नुले कथानकको चिनारी गराएको छ। सेलरोटी खानका लागि घरमा केही नहुनुले कथानकको सम्भावित परिस्थितिको सङ्केत गरेको छ। यसै घटनाले कथानकमा पहिलो सङ्कटावस्थाको सिर्जना गरेको छ।

**ख) मध्यभाग**

बुढी गाउँतिर चामल र बुढो सहरतिर तेल माग्न जानु, जम्मा पाँचवटा सेलरोटी पाक्नु, कसले बढी सेलरोटी खाने भन्ने विषयमा बुढाबुढीको झगडा पर्नु, जो भोलि बिहान चाँडो उठ्छ उसले दुईवटा र जो ढिलो उठ्छ उसले तीनवटा सेलरोटी खाने सहमति हुनु, तीन दिन तीन रातसम्म दुवै नउठ्नु, बुढाबुढीलाई के भएछ भनेर घरमा हेर्न आउनु, दुवै मरेजस्तै गरी सुतिरहेका हुनु, गाउँलेहरूले मरेछन् भनी सम्झनु, दुवै बुढाबुढीलाई एउटै लासमा बाँधेर घाटतिर लग्नु, अन्त्यमा बुढोको टाउकोतिरबाट आगो लगाउनु, आगोको पोलाइ सहन नसकेर म दुईवटा खान्छु भन्दै चिताबाट बुढो उठ्नु, मलामीहरू हामीलाई भूतले खाने भयो भनेर भाग्नु।

(क) दोस्रो सङ्कटावस्था : बुढो सहरतिर तेल र बुढी गाउँतिर चामल माग्न जानु,
(ख) तेस्रो सङ्कटावस्था : कसले बढी सेलरोटी खाने भनेर झगडा पर्नु,
(ग) चौथो सङ्कटावस्था : बुढाबुढीको तीन दिनसम्म चहलमहल नभएपछि गाउँले मरेछन् भनी घाट लानु,
(घ) पाँचौँ सङ्कटावस्था : बुढो आगोको पोलाइ सहन नसकेर म दुईवटा खाने भन्दै उठ्नु र मलामी भूतले खाने भयो भनेर भाग्नु।

यस लोककथामा मध्यभागमा आएका घटनाहरू पहिलो सङ्कटावस्थाले निम्त्याएका घटनाहरू हुन्। सेलरोटी कसले बढी खाने भन्ने घटनाले कथानकमा नयाँ मोडको सिर्जना गरेको छ। बुढाबुढी मरेछन् भनी घाट

लैजानुले कथानकलाई थप विस्तार गर्दै अर्को मोडमा पुऱ्याएको छ। पाँचौं सङ्कटावस्थामा बुढोले आगोको पोलाइ सहन नसकेर म दुईवटा सेलरोटी खान्छु भन्नु कथानकको चरमोत्कर्ष हो। यसै घटनाबाट लोककथा सङ्घर्षह्रासतर्फ अगि बढेको छ।

**ग) अन्त्यभाग**

बुढाबुढी दुवै चिताबाट उठेर अर्को बाटो भएर घर आउनु, बुढोले सर्तबमोजिम दुईवटा र बुढीले तीनवटा सेलरोटी खानुसँगै कथानक समापन भएको छ। बुढाबुढी अर्को बाटो भएर घर फर्किनु कथानकको सङ्घर्षह्रास हो। बुढोले सर्तबमोजिम दुईवटा र बुढीले तीनवटा सेलरोटी खानु कथानकको उपसंहार हो। यस लोककथाको सङ्घर्षह्रासको रूपमा बुढाबुढी अर्को बाटो भएर घर फर्किनु हो भने उपसंहार बुढोले दुईवटा र बुढीले तीनवटा रोटी खानु हो। यसरी हेर्दा उक्त लोककथाको कथानकविन्यास क्रमिक, व्यवस्थित रहेको देखिन्छ।

## ७.२ सहभागी

'बुढा र बुढी' लोककथाको बुढा र बुढीको झगडा पर्नु मूल कथानक हो। कथामा थोरै सहभागीको प्रयोग गरिएको छ। कथामा बुढा, बुढी र गाउँलेहरू कथाका मुख्य सहभागी हुन्। यस कथामा आएका सहभागी र तिनका कार्यव्यापारलाई तल तालिका प्रस्तुत गर्न सकिन्छ :

**'बुढा र बुढी' लोककथामा सहभागी**

| पात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | गतिहीन | वर्गीय | व्यक्ति | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| बुढी | - | + | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| बुढो | - | - | + | - | - | - | + | + | - | + | - | - | + | + | - |
| गाउँलेहरू | + | - | - | - | + | + | - | - | + | + | - | - | + | + | - |

माथिको तालिकालाई हेर्दा यहाँ बुढा, बुढी र गाउँलेहरू मात्र सहभागीको रूपमा आएका छन्। मुख्य रूपमा बुढा र बुढी मात्र देखिएका छन्। दुवै बुढाबुढीले सेलरोटी कसले बढी खाने भन्ने झिनो कथानकबाट कथावस्तु अगाडि बढेको छ। कथाको सुरुदेखि अन्त्यसम्म दुवै बुढाबुढी आएका छन्। बुढा र बुढी दुवै प्रमुख सहभागी हुन्। बुढी महिला र बुढो पुरुष सहभागी हुन्। कसले बढी सेलरोटी खानेजस्तो सामान्य विषयमा बुढाबुढी आपसमा झगडा गर्नुले दुवैको प्रवृत्ति प्रतिकूल रहेको देखाउँछ। अन्त्यमा बुढाबुढी सहमतिमा आएको घटना देखाइएको छ। बुढाबुढीको सुरुमा र अन्त्यमा फरक फरक स्वभाव देखिन्छ। त्यसैले दुवै गतिशील सहभागी हुन्। नेपाली समाजमा हुने लोग्नेस्वास्नीको झगडालाई बुढाबुढीको व्यवहारले इङ्गित गरेको छ। यस कथामा देखाइएको जस्तो झगडा अझै पनि नेपाली समाजमा देखिन्छ। यो नेपाली समाजको विषय हो। त्यसैले उनीहरू दुवै वर्गीय पात्र हुन्। कथाको मूल कथावस्तु बुढाबुढीमा केन्द्रित छ। त्यसैले दुवै मञ्चीय सहभागी हुन् किनभने दुवै पात्रले कथाको घटनालाई अगाडि बढाएका छन्। साथै उनीहरू बद्ध सहभागीको रूपमा आएका छन्। कथामा गाउँलेहरूको भूमिका कम देखिन्छ। कथाको मध्यभागमा बुढाबुढीलाई घाटसम्म लिएर जाने र आगो लगाउने कार्यमा गाउँलेहरू आएका छन्।

## ७.३ परिवेश

यस लोककथामा पूर्वेली ग्रामीण समाजको परिवेश आएको छ। प्रस्तुत लोककथामा कालिक परिवेशको रूपमा धर्मदेवी क्षेत्रको लोकजीवन गुजेको काल रहेको छ। यस कथाको स्थानिक परिवेशको रूपमा दुई बुढाबुढीको गाउँघर, तेल माग्न जाँदाका सहर, बाटोघाटो, चामल माग्न जाँदाको गाउँघर, बुढाबुढीको सेलरोटी पकाउने भान्छाकोठा, बाँसको भऱ्याङ आदि आएका छन्। यहाँ सामान्य कथास्थलको रूपमा एकादेशमा, गाउँघर, बाटोघाटो, खोलानाला, भान्छाकोठा, सुत्नेकोठा रहेका छन् भने विशिष्ट कथास्थलको रूपमा दुई बुढाबुढीलाई मरे भनेर घाटमा लगेको आदि आएका छन्। सामान्य कथासमयको रूपमा बिहान, दिउँसो, राति रहेका छन्।

त्यस्तै विशिष्ट कथासमयमा लासलाई बाँधेर घाटमा लगेको र चितामा आगो लगाएको समय आएका छन् । प्रस्तुत लोककथाको सुरुको वातावरण दुःखद, मध्यभागमा सुखद र अन्त्य भागमा पनि सुखद वातावरण रहेको छ। यसरी हेर्दा यो लोककथा सुखान्त लोककथा हो ।

### ७.४ उद्देश्य

'बुढा र बुढी' लोककथाले बुढा र बुढीको झगडालाई देखाएको छ। कसले बढी सेलरोटी खाने भनी दुई बुढाबुढीमा झगडा परेको छ। लोग्नेस्वास्नीको झगडालाई कलात्मक रूपमा प्रस्तुत गर्नु लोककथाको उद्देश्य हो। बुढा र बुढीको सानो कुरामा झगडा परेको र पछि मिलन भएको देखाइएको छ। यसर्थ लोग्नेस्वास्नीको झगडा परालको आगो हो भन्ने भनाइको चरितार्थ देखाउनु लोककथाको उद्देश्य हो। गरिबहरूको दैनिकीलाई प्रस्तुत गर्नु कथाको अर्को उद्देश्य हो। यहाँ चामल, तेल मागेर खानुपर्ने अवस्था छ। आर्थिक रूपले विपन्न वर्गको दैनिकी सहज छैन भन्ने सन्देश लोककथाले दिएको छ।

### ७.५ भाषाशैलीय विन्यास

यस लोककथाको भाषाशैली सरल, सहज तथा सुबोध्य छ। लोककथामा 'भिख', 'रोटी', 'चिता', 'घाट', 'भूत', 'मान', 'निराश' जस्ता तत्सम शब्दहरू 'गरिब', 'आम्खोरा', 'लास', 'खुसी', 'सहर' जस्ता आगन्तुक शब्दहरूको प्रयोगले लोककथालाई सरल बनाएको छ। 'तिनीहरू एकदमै गरिब रहेछन्', 'एकदिन दुवैलाई सेलरोटी खान मन लागेछ', 'पकाएर खान घरमा तेल, चामल केही थिएन', 'दुवैले सल्लाह गरेछन्' यी वाक्यहरूले कोशीय अर्थ प्रदान गरेका छन्। लोककथामा प्रयुक्त सरल वाक्य र अभिधार्थक वाक्यहरूको प्रयोगले भाषिक क्लिष्टता छैन। पाठकश्रोताले सजिलै बुझ्न सकिने छोटाछोटा वाक्यहरूको प्रयोगले लोककथालाई सरल बनाएको छ। 'पो', 'र', 'त' जस्ता निपात शब्दको प्रयोगले लोककथा आकर्षक बनेको छ। यस लोककथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ। लोककथामा सुरुमा भएको बुढा र बुढीको संवादबाहेक अन्त संवादको प्रयोग गरिएको छैन। त्यसैले यहाँ वर्णनात्मक बढी र संवादात्मक शैलीको कम प्रयोग पाइन्छ। लोककथाको प्रारम्भ 'एकादेशमा' बाट गरिएको छ। त्यसको समापन भने 'सुन्नेलाई ...' मा गरिएको छ। यस शैलीको प्रयोगले लोककथालाई श्रुतिमधुरता प्रदान गरेको छ।

### ८ निष्कर्ष

यस लोककथाको कथानक क्रमिक, व्यवस्थित संरचनामा संरचित छ। कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला भङ्ग भएको छैन। प्रस्तुत लोककथाले पाठक तथा स्रोतमा उत्सुकता पैदा गरेको छ। कथानक विन्यासक्रम सन्तुलित प्रकृतिको छ। कथानकलाई डोऱ्याउन आउने सहभागीहरुको कार्यव्यापार कथानक र परिवेश सुहाउँदो छ। सरल, सहज, अभिधार्थक, कोशीय अर्थ दिने शब्दको प्रयोगले लोककथालाई कसिलो बनाएको छ। कथानक, सहभागी, परिवेश, उद्देश्य र भाषाशैली बीचमा अनुकुल सम्बन्ध देखिन्छ। समग्रमा यो लोककथा संरचक घटकका दृष्टिले पठनीय र श्रुतिमधुर बनेको छ।

## परिशिष्ट (क)
## सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथा
## 'बुढा र बुढी'

एकादेशमा एउटा गाउँमा दुई बुढाबुढी बस्दा रहेछन्। तिनीहरू एकदमै गरिब रहेछन्। एकदिन दुवै बुढाबुढीलाई सेलरोटी खान मनलागेछ। पकाएर खान घरमा तेल, चामल केही थिएन। दुवैले सल्लाह गरेछन्। बुढी मलाई सारै सेलरोटी खान मन लाग्यो। बुढी दुखी हुँदै खान त मलाई पनि मन लागेको छ तर के गर्ने घरमा केही छैन। कहाँबाट ल्याएर खाने भनेर रुन थालिछ। बुढो पनि दुःखी हुँदै। तँ गाउँतिर गएर भिख मागेर चामल लिएर आइज। म सहरतिर गएर तेल मागेर लिएर आउँछु अनि बेलुका सेलरोटी पकाएर खानुपर्छ भनेर बुढीलाई गाउँ पठाएर बुढो सहरतिर गएछ।

दुवैले सल्लाहबमोजिम बुढी पनि गाउँतिर गइछ । भिख दिनुहोस् भन्दै चामल मागी । मागेको चामल लिएर घर आइपुगी । बुढो पनि सहरबाट तेल मागेर घर आएछ । बुढोले बुढीलाई सोधेछ । बुढी चामल ल्याइस् त ? बुढी पनि खुसी हुँदै ल्याएँ बुढा । तिमीले तेल ल्यौ त ? मैले पनि ल्याएँ । तेल दिँदै, लगेर भित्र राख भन्दै दिएर एक आम्खोरा पानी खाएर पिँढीमा बसेछ । अनि दुवै बुढाबुढी खुसी हुँदै चामलको पिठो कुटेर बुढी सेलरोटी पकाउन थाली । बुढो हेर्दै बसेछ । बुढीले सेलरोटी पकाउँदै गर्दा जम्मा पाँचवटा सेलरोटी भएछन् । त्यतिबेला बुढोले भनेछ । हेर बुढी तँ भन्दा म ठूलो मान्छे हुँ । जम्मा पाँचवटा रोटी भए । म तीनवटा खान्छु । तैँले मेरो मान राख्नुपर्छ । अनि बुढीले रिसाउँदै भनिछ । हुँदैन । मैले पकाएको म भान्छे । तिमीले भन्दा मैले धेरै काम गरेकी छु । त्यसैले तिमी दुईवटा खाऊ । म तीनवटा खान्छु । केही गर्दा पनि बुढाबुढीको झगडा मिलेनछ । दुवैको झगडा चलेछ । अनि बुढोले एउटा जुक्ति निकालेछ र भनेछ । हेर बुढी अहिले हामी झगडा नगरौँ । अहिले रोटी पनि नखाऔँ । भोलि जो चाँडो उठ्छ । उसैले दुईवटा सेलरोटी खाने र जो ढिलो उठ्छ । उसैले तीनवटा सेलरोटी खाने भन्दै आफू भन्दा बुढी छिटो उठ्ने भएकाले आफूले तीनवटा सेलरोटी खाने दाउमा भनेछ । बुढी पनि बुढोको कुरामा सहमत भइछ । सबै रोटी तसलीमा हाली सुत्न गएछन् । जब बिहान भयो, बुढो बुढी उठ्छे भन्दै विचार गर्दै सुतेछ । बुढी झनै चलाख भएर बुढो उठ्छ र म उठ्छु अनि तीनवटा सेलरोटी खान्छु भन्दै दाउ हेर्दै सुत्दा तीन दिन बितेछ । यसरी तीन दिन तीन रात हुँदा पनि दुवै जना उठेनछन् । अनि गाउँलेहरू कोही बुढाबुढी बाहिर निस्केको नदेख्दा के भएछ भनेर बुढाबुढीको घरमा गएर हेर्न थालेछन् । गाउँलेहरू जाँदा पनि मरे जस्तै भएर सुतिरहेका रहेछन् । गाउँलेहरूले बुढाबुढी मरेछन् भन्दै बाँस काटेर ल्याएर एउटै लासमा बुढाबुढीलाई बाँधेर पाँच जना मलामी आएर घाटतिर लगेर गएछन् । घाटमा पुगेर नजिकै दुईवटा चिता बनाएर बुढोलाई एकातिर बुढीलाई अर्कोतिर लास राखेर मलामीहरू अब कसलाई पहिला आगो लगाउने भनेर सल्लाह गर्न थालेछन् । त्यति नै बेला एउटा मलामीले भनेछ । ठूलो मान्छे भएकाले पहिला बुढोलाई आगो लगाउनुपर्छ । त्यही मलामीको कुरामा अरू मलामी पनि सहमत भएछन् । सल्लाहबमोजिम मलामीले बुढोको टाउकोतिरबाट आगो लगाउन थालेपछि आगोको पोलाइ सहन नसकेर म दुईवटा खान्छु भन्दै आत्तिदै उठेछ । त्यो कुरा सुनेपछि म तीनवटा खान्छु भन्दै कराउँदै उठिछ । पाँच जना मलामीहरू हामीलाई भूतले खाने भयो भनेर त्यहाँबाट डराएर आत्तिदै, कराउदै, चिच्याउँदै भागेछन् । बुढाबुढी अर्को बाटो भएर आफ्नो घर गएर बुढोले तीनवटा रोटी खाने सोच बनाएकोमा निराश हुँदै टाउकोमा हातले हान्दै भाग्यमा भए पो तीनवटा रोटी खान्थिस् भन्दै धेरै दुःखी हुँदै दुईवटा रोटी खाएछ । बुढी खुसी हुँदै तीनवटा रोटी खाँदै रमाउन थालिछ ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठमा जाला
भन्ने बेला मुखमा आइजाला ।

स्रोतव्यक्ति : लोकबहादुर तामाङ
उमेर : ८० वर्ष
स्थान : धर्मदेवी न.पा.-१
सङ्कलन मिति : २०७८/१२/२४

**सन्दर्भ सामग्रीसूची**

धर्मदेवी नगरपालिका (२०७८), धर्मदेवी वार्षिक योजना तथा कार्यक्रम, सङ्खुवासभा : धर्मदेवी नगरपालिका ।
बन्धु, चूडामणि (२०५८), नेपाली लोकसाहित्य, काठमाडौँ : एकता बुक्स ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६२), कविताको संरचनात्मक विश्लेषण, काठमाडौँ : रत्न पुस्तक भण्डार ।
लुइटेल, खगेन्द्रप्रसाद (२०६८), लोकसाहित्य परिचय, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।